STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ८७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ चैत २८ गते सोमबार ❑ 11 April 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## विप्रेषण वृद्धि र पर्यटन प्रवर्द्धनमा लाग्न विदेशीस्थित नियोग प्रमुखलाई सरकारको निर्देशन

**रासस**
**काठमाडौं, २७ चैत**

अर्थमन्त्री जनार्दन शर्माले विदेशमा रहेका नागरिकबाट जतिसक्दो धेरै विप्रेषण भित्र्याउन र नेपाल घुम्न जानुपर्ने विषयमा प्रवर्द्धनात्मक कार्यक्रम गरी विदेशी पर्यटकको सङ्ख्या बढाउनका लागि पहलकदमी लिन विदेशस्थित नियोग प्रमुखलाई निर्देशन दिनुभएको छ।

दुई दर्जनभन्दा बढी राजदूत, कार्यवाहक राजदूत, महावाणिज्यदूतलगायत विभिन्न देशका नियोग प्रमुखहरूसँग आइतबार भर्चुअल बैठक गर्दै अर्थमन्त्री शर्माले विदेशी मुद्रा बढाउनुपर्ने र भुक्तानी सन्तुलन सकारात्मक बनाउनुपर्ने दबाबमा सरकार रहेकाले सबै पक्ष मिलेर काम गर्नुपर्ने बताउनुभयो।

"हामीलाई यतिबेला बिदेशी मुद्राको सञ्चिति बढाउनुपर्ने दबाब छ। यसका लागि तपाईंहरूले विशेष भूमिका खेल्नुपर्छ", उहाँले भन्नुभयो, "रेमिट्यान्सका माध्यमबाट पैसा पठाउन त्यहाँका नागरिकलाई प्रोत्साहन गर्नुस्। नेपाल कोभिड १९ बाट तंग्रिसकेको सन्देश दिँदै पर्यटन प्रवर्द्धनका विभिन्न कार्यक्रम गरी धैरै भन्दा धेरे पर्यटक नेपाल आउने वातावरण सिर्जना गर्नुस्।"

चैत महिनामा ९१ अर्ब रुपैयाँ विप्रेषण भित्रिएको जानकारी दिँदै उहाँ यतिमा मात्रै सन्तुष्ट नभई अझै वृद्धि गर्न सकिने खाँचो औँल्याउनुभयो। "विप्रेषणबढाउनकालागिविभिन्न प्याकेज ल्याउन लागेका छौँ। रेमिट गर्नेहरूलाई आइपिओ र एफपिओमा निश्चित प्रतिशत नै छुट्याएर लगानी गर्न दिनेसम्मका गृहकार्य भएका छन्", उहाँले भन्नुभयो।

आगामी आवको बजेट निर्माणका लागि सुझाव लिन नियोग प्रमुखहरूसँग छलफल भएको थियो। सो छलफल परराष्ट्र मन्त्रालयमा गरिएको थियो। त्यसक्रममा अर्थमन्त्री शर्माले लगानी सम्मेलन आयोजना गरी नेपालमा विदेशी लगानी बढाउने वातावरण सृजना गर्नुपर्ने पनि बताउनुभयो। "हामीले अलि ठूला परियोजना बनाउँदा मात्रै ऋण लिने र यस्तो ऋण सम्बन्धित परियोजनाले नै तिर्न सक्ने किसिमले लिने गरी मोडालिटी बनाउँदैछौँ", उहाँले भन्नुभयो, "गैरआवासीय नेपालीलाई पनि डलरमा खाता खोल्न धैरै सहज बनाइसकेका छौँ।" कार्यक्रममा अर्थसचिव मधुकुमार मरासिनीले अर्थतन्त्र दबाबमा रहेको र यसलाई विस्तारै सुधार गर्ने दिशामा सरकारअघि बढेको बताउनुभयो। कार्यक्रममा कायममुकायम गर्भनर निलम ढुङ्गाना तिम्सिनाले अर्थतन्त्र दबाबमा भएकाले सबै मिलेर सुधार गर्नुपर्ने खाँचो रहेको औँल्याउनुभयो।

## 'विज्ञापन कर' प्रति पर्यटन व्यवसायीको ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ चैत**

पर्यटन व्यवसायीहरुको छाता सङ्गठन पोखरा पर्यटन परिषद्ले पोखरा महानगरपालिकाले केही दिन यता 'विज्ञापन कर' का नाममा पर्यटन उद्योगी व्यवसायीहरुमाथि सृजना गरेको दबाबप्रति ध्यानाकर्षण भएको जनाएको छ।

परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईद्वारा जारी विज्ञप्तिमा आर्थिक बर्ष २०७८/७९ का लागि पोखरा नगर क्षेत्रको विज्ञापन कर उठाउने अख्तियारी आफूले प्राप्त गरेको भन्दै साइन हव प्रालिले केही दिनयता व्यवसायीहरुको व्यावसायिक प्रतिष्ठानहरुमा पुगेर अनावश्यक दबाब दिँदै आएको जनाएको छ।

पोखरा महानगरपालिका, सङ्घीय सरकारले तोकेको राजश्व सङ्कलन गर्न स्वतन्त्र रहेता पनि व्यवसायीहरुको आफ्नो व्यवसायको चिनारीका रुपमा राखिएका बोर्डहरुको शुल्क असुल्न खोज्नु जायज नभएको उल्लेख गर्दै सो कार्य रोक्न आग्रह गरेको छ। विज्ञप्तिमा लेखिएको छ, 'व्यवसायीहरुले आफ्नो व्यवसाय चिनारीका लागि राखिएका बोर्डहरु विज्ञापन नरहेकोसमेत जानकारी गराउँदछौँ। नेपाल सरकारको आधिकारिक निकायमा दर्ता भई दर्ता शुल्क, आयकर, व्यवसाय करसहितका सबै कर तथा मूल्य अभिवृद्धि कर सङ्कलन गर्दै राज्यलाई भुक्तान गर्दै आएका व्यवसायीहरुको सार्वभौम अधिकार हो। कानुनले दोहोरो कर वर्जित गरेको छ।'

परिषद्ले महानगरको सो कदमको विरोध गर्दै उसको स्वेच्छाचारी प्रवृत्ति भएको बताएको छ। व्यवसायलाई संरक्षण गर्नुपर्ने दायित्व भुलेर राज्यबाटै व्यवसायीमाथि विज्ञापन करका नाममा लगाइएको यो कर नतिर्ने जनाएको छ।

## कांग्रेसमा उम्मेदवारी सिफारिस गर्दा कुनै रकम नलिन निर्देशन

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ चैत**

नेपाली कांग्रेसले स्थानीय तहको निर्वाचनका विभिन्न पदका लागि उम्मेदवारको सिफारिस गर्दा पार्टीको विधानबमोजिम बाहेक अन्य कुनै पनि रकम नलिन निर्देशन जारी गरेको छ।

कांग्रेसले आइतबार सबै जिल्ला कार्यसमितिलाई एक सर्कुलर जारी गर्दै विधानबमोजिम पार्टीको क्रियाशील सदस्यता, लाभको पदमा रहेको पार्टी सदस्यले पार्टीलाई बुझाउनु पर्ने सदस्यता शुल्क तथा सहयोग रकम (लेवी) बाहेक अन्य कुनै पनि रकम लिन/उठाउन नमिल्ने व्यवस्था रहेको स्पष्ट पारेको छ।

सो व्यवस्था विपरीत केही जिल्लाअन्तर्गत मातहतका पार्टी निकायबाट उम्मेदवारको सिफारिस गर्दा नगद रकम माग गरिएको भन्ने जानकारी आएपछि सो सर्कुलर गरिएको पार्टी कार्यालय मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो।

साथै पार्टीले विभिन्न पदीय जिम्मेवारी र लाभको पदमा रहेका पार्टी सदस्यबाट विधान तथा नियामावलीबमोजिम सम्बन्धित पार्टी निकायले लिनुपर्ने सदस्यता शुल्क तथा सहयोग रकम लिन/उठाउन बाँकी भए त्यस्तो रकम तत्काल उठाउन जानकारीसमेत गराएको छ।

## सरकारले लगानीको सुरक्षा गर्छ : गृहमन्त्री खाँण

**रासस**
**काठमाडौं, २७ चैत**

गृहमन्त्री बालकृष्ण खाँणले सरकारले लगानीको सुरक्षा गर्ने बताउनुभएको छ।

नेपालका यातायात व्यवसायीहरुको छाता सङ्गठन नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घको छैटौँ राष्ट्रिय महाधिवेशनको आज उद्घाटन गर्दै उहाँले कुनै पनि व्यवसायलाई प्रोत्साहन, संवर्द्धन र सुरक्षा गर्ने दायित्व सरकारको भएको बताउनुभयो। "नेपालको अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेल्ने व्यवसायीलाई राज्यले सम्मान गर्नुपर्छ", उहाँले भन्नुभयो।

गृहमन्त्री खाँणले सडक दुर्घटनाका कारण बर्सेनि हजारौँ नागरिकले अकालमा ज्यान गुमाएको भन्दै सडक दुर्घटना न्यूनीकरणमा यातायात क्षेत्र गम्भीर हुनुपर्ने बताउनुभयो। सुरक्षित यात्राको व्यवस्था कसरी गर्न सकिन्छ त्यसतर्फ यातायात क्षेत्र लाग्नुपर्ने उहाँको भनाइ थियो।

मन्त्री खाँणले यात्रुलाई सुरक्षितरूपमा गन्तव्यस्थलसम्म पुऱ्याउने जिम्मा यातायात क्षेत्रको भएको बताउँदै यातायात क्षेत्रलाई परेको समस्या समाधानका लागि सरकार गम्भीर रहेको उल्लेख गर्नुभयो। उहाँले राम्रो कन्डिसन भएका सवारी साधनलाई मर्मत गरेर सञ्चालन गर्नसके देशको अर्थतन्त्रमा समेत टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो। यातायात क्षेत्रको सुधारका लागि आवश्यक पर्ने ऐन, नियम, कानून संसद् चल्न नसकेकाले परिवर्तन गर्न नसकेको उल्लेख गर्दै उहाँले आगामी दिनमा समयानुकूल परिवर्तन गर्दै लैजाने बताउनुभयो। गण्डकी प्रदेशका यातायातमन्त्री कुमार खड्काले मुलुकको विकासको मुख्य आधार सडक सञ्जाल र यातायात भएको भन्दै यसलाई राज्यले विशेष प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो। यातायात क्षेत्रको समस्या राज्यले बुझ्नुपर्ने उहाँको भनाइ थियो।

बागमती प्रदेशका यातायातमन्त्री घनश्याम दाहालले यातायात क्षेत्रको समस्या समाधानका लागि व्यवसाय र सरकार बसेर समाधान गर्नुपर्ने बताउनुभयो। उहाँले बागमती प्रदेशको यातायात कार्यालयलाई प्रविधिमैत्री बनाउँदै लगिएको उल्लेख गर्दै चार महिनाभित्र सवारी लाइसेन्स प्राप्त गर्नेगरी मन्त्रालयले कामलाई अगाडि बढाएको बताउनुभयो। उहाँले उपत्यकामा सञ्चालित ट्याक्सी मिटरमा हिँड्न नमाने कारबाही गर्ने बताउनुभयो।

प्रदेश नं १ का यातायात तथा सञ्चारमन्त्री उपेन्द्रप्रसाद घिमिरेले सबै मिलेर यातायात क्षेत्रमा देखिएको समस्या समाधान गर्नुपर्ने बताउनुभयो। यातायात क्षेत्रमा पार्किङको समस्या यथावत रहेको उहाँको भनाइ थियो। लुम्बिनी प्रदेशकी यातायातमन्त्री डेगा मगरले यातायात क्षेत्रको ऐन, नियम कानून बनाउँदा व्यवसायी र प्रदेश सरकारबीच सहकार्य हुनुपर्ने बताउनुभयो। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष योगेन्द्रनाथ कर्माचार्यले अर्बौं रुपैयाँ लगानी रहेको नेपालको यातायात क्षेत्रलाई राज्यले उपेक्षा गरेको बताउनुभयो। इन्धन र इन्जिनको मूल्यवृद्धि हुँदा यातायात क्षेत्रको भाडा समायोजन हुन नसक्नु दुःखद भएको उहाँको भनाइ थियो।

## जङ्गली च्याउ खाँदा एकको मृत्यु

**पोखरापत्र संवाददाता**
**दमौली, २७ चैत**

जङ्गली च्याउ खाएर बिरामी भएका तनहुँको म्याग्दे गाउँपालिका-३ धयरेका एक महिलाको मृत्यु भएको छ। मृत्यु हुनेमा सोही ठाउँ बस्ने ४७ वर्षीया सुनिमाया थापा रहेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ। गत चैत १८ गते जङ्गलमा च्याउ खोज्न गई घरमा ल्याएर खानासँग तरकारीको रुपमा खाँदा बिरामी भएकी उनको आइतबार नयाँ मेडिकल कलेज चितवनमा मृत्यु भएको प्रहरी नायब उपरीक्षक युवराज खड्काले जानकारी दिनुभयो। च्याउ खाएर बिरामी उनलाई दमौली अस्पतालमा उपचारपश्चात् थप उपचारका लागि चितवन पठाइएकामा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। च्याउ खाँदा दश जना बिरामी भएका थिए।

## मौरी पालनबाट वार्षिक १८ लाख आम्दानी

**प्रकाश डाटेल**
**स्याङ्जा, २७ चैत**

स्याङ्जाको भीरकोट नगरपालिका ७ खिलुङ देउरालीका रत्नबहादुर गुरुङ मौरीपालन व्यवसायमा लागेको पनि झण्डै १७ वर्ष पुगेछ। २ वटा परम्परागत मौरीका घारबाट व्यवसाय शुरु गरेका गुरुङको मौरीपालन व्यवसाय यतिबेला मौरी उद्योगमा परिणत भएको छ।

गुरुङले चिउरीखर्क मौरीघार उद्योग स्थापना गरी व्यवसाय गर्दै आएका छन्। वार्षिक रुपमा मह, गोलाघार, खाली घारबाट १८ लाख आम्दानी गर्दै आएको गुरुङले बताए। उनले मौरीसहितको घार ९ हजार र खाली घार ४ हजार र मौरी मात्रै प्रतिगोला ५ हजारमा बिक्री गर्दै आएका छन्। मौरीपालन व्यवसायमा धैरै लगानी र दुःख गर्न नपर्ने भएकाले गुरुङ्ले दैनिक रुपमा बिहान बेलुका १०/१२ घण्टा मौरीकै स्याहारमा बिताउँछन्। वार्षिक रुपमा २ सय गोलाघार, ३ सय खाली घार र मह समेत बिक्री गर्दै आएका गुरुङ्ले बजारीकरणमा कुनै समस्या नभएको बताउँदै मौरीपालन व्यवसायमा श्रीमती र अन्य २ जना सहयोगीले सहयोग गर्दै आएको सुनाए।

खाली मौरीका घार, मौरीसहितको घार, मौरी तथा महको नियमित बिक्रीवितरण गर्दै आएको गुरुङ्ले बताए। उत्पादन गर्दै आएको मौरी तथा घार स्थानीय तहले समेत खरिद गरेर अनुदानमा कृषकहरुलाई वितरण गर्दै आएको हौसिदै उनले जानकारी दिए। गुरुङ्को घरको बार्दली, झ्याल, घरपछाडि रहेको कर्सालगायत वरिपरि सेरेना जातको मौरीका सेताम्मे घार देख्न सकिन्छ। गुरुङ्को मौरीपालन उद्योगमा हाल ९५ घार छन्। केहि घार मह उत्पादनका लागि र केहि घार विभाजन गरी घार बिक्रीका लागि तयारी अवस्थामा राखेका छन्। प्रति घारबाट ४ गोलामा रुपान्तरण गर्न सकिने गुरुङ्ले बताउँछन्। जेष्ठसम्म २ सय घार पुऱ्याउने र १ सय २५ घार बिक्री गर्ने सोच बनाएको उनले बताए।

करिब १७ वर्ष पहिले गुरुङले 'गण्डकी बि कर्न्सन'बाट मौरीपालनका लागि २० खाली घार ल्याएका थिए। कर्न्सनबाटै आएका प्रशिक्षक स्व. सानुराम श्रेष्ठले ४ दिन लगाएर दुई घरबाट ४ घारमा रुपान्तरण गरेको देखेर सोहि समयदेखि गुरुङ्ले मौरीपालन तथा घार बिक्रीमा लाग्ने सोँच बनाएको स्मरण गरे।

कारपेन्टरको अनुभव समेत रहेकाले आफ्नै फर्निचरबाट गुरुङले मौरीका घारहरु निर्माण गर्दै आएका छन्। मौरीको घारको लागि सिमल, बकाईनो, मौवा, उतिसजस्ता रुख उपयुक्त हुने गुरुङ्ले बताए। असोज, कार्तिक, मंसिर मौरी विभाजन र चैत्र, बैशाख, जेठ महिना मह निकाल्ने उपयुक्त समय मानिन्छ।

सेरेना जातको मौरीको न्यूटन बि टाईपको घार उपयुक्त हुने भन्दै मौरीले राम्रो मह उत्पादन गरेमा १५ दिनमा महदानीको साथबाट मह निकाल्न सकिने गुरुङले सुनाए। वार्षिक ५० देखि १ सय किलो मह उत्पादन गर्दै आएको उनले बताए।

मौरी विकास शाखा ललितपुर, जिल्ला कृषि ज्ञान केन्द्र कार्यालयलगायतका विभिन्न स्थानमा प्रदान गरिएका तालिम लिएका गुरुङ्ले जिल्ला कृषि ज्ञान केन्द्रबाट १ लाख ८० हजार अनुदान प्राप्त गरेको बताए। हरेक दिन हजारौँ युवाहरु विदेशीरहेका बेला गुरुङले आफ्नो सिप, बुद्धि र बललाई आफ्नै गाउँमा लगानी गर्न युवाहरुलाई आग्रह समेत गरे।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# क्रिकेट सिरिज, कास्की बी बन्यो विजेता

पोखरापत्र संवाददाता
पोखरा, २७ चैत

कास्की जिल्ला क्रिकेट संघको आयोजनामा सञ्चालित दुईदिने एकदिवसिय क्रिकेट सिरिजमा कास्की एलाई पाँच विकेटले पराजित गर्दै कास्की बी विजेता बनेको छ।



पहिलो दिन पानीले रोकिदाँ बराबरी हुन पुगेको सिरिज अन्तर्गत आईतबार कास्की बीले पाँच विकेटको जित निकाल्यो। पोखरा रंगशाला क्रिकेट मैदानमा आयोजित प्रतिस्पर्धामा टस जितेर व्याटिङ गरेको कास्की एले कृष्ण पौडेलको अविजित अर्धशतकीय पारीमा ८ विकेटको क्षतिमा १६९ बनायो। नवौं नम्बरमा आएका पौडेलले ५७ बलमा ६५ रनको ठोस इनिङ्स खेल्ने क्रममा अविजित रहे। उनले २ चौका र ३ छक्का प्रहार गरे। सोहेल कुँवरलाई ६ रनमै गुमाएको कास्की ए लाई अर्का ओपनर विकास अधिकारीले सम्हाले। रोहित चन्द पनि नितेश गिरीको बलमा एलबीडब्लुको शिकार हुदैं पभेलियन फर्किपछि १९ रन बनाउने क्रममा कास्की एले दुई विकेट गुमाईसकेको थियो। प्रतिक आचार्यलाई पनि शून्य रनमै आउट भएपनि कास्की ए १९ रनमै तीन विकेट गुमायो। ३५ रन बनाउने क्रममा चौथो विकेट गुमायो। विवेक नेपालीलाई पनि बलर गिरीले नै बोल्ड गरे। एकपछि अर्को विकेट गुमेपछि कमजोर देखिएको कास्की एलाई विवेक अधिकारीले सम्हाल्ने प्रयास गरे। कप्तान सुवास भण्डारी पनि विधान श्रेष्ठको बल १ रनमै पभेलिनय फर्किएपछि क्रिज छिरेका विनोद नेपाली शून्यमै डकआउट भए। आयुष सैंजु ५ रनमा आउट भए। विकास अधिकारी नितेश गिरीको बलमा एलडब्लुको शिकार भए। उनले ५२ बलमा ४२ रन बनाए। ५ चौका र १ छक्का हिर्काए। कृर्ष्ण पौडेल र अनिष खड्काले अविजित रहँदै रन उकास्के प्रयास गरे। पौडेल ६५ रनमा अविजित रहँदा खड्का २९ रनमा अविजित रहे। खड्काले ४५ बलको सामना गरेका थिए। बलिङमा नितेश गिरीले ८ ओभरमा ४ मेडन राख्दै केवल ८ रन दिएर चार विकेट लिए। विधान श्रेष्ठले ८ ओभरमा ४६ रन खर्चिएर ३ विकेट लिए।

१७० रनको लक्ष्य पछ्याएको कास्की बीले विधान श्रेष्ठ र अमृत गुरुङको अविजित ३६ र ३७ रनको योगदानमा ३५.५ ओभरमा पाँच विकेटको क्षतिमा पुरा गर्‍यो। ओपनर मुश्कान थापाले ३१ रन बनाउँदै आधार तयार पारिदिए। उनले ८३ बल खेल्न पुगे। ४ चौका हिर्काउँदै ३१ रन बनाए। सागर लामिछाने केवल ८ रनमै आउट भएपछि कास्की बीको पहिलो विकेट गुम्न पुग्यो। ईशान श्रेष्ठ सस्तैमा १ रनमै आउट भएपछि कास्की बीलाई पनि जितको लक्ष्य पछ्याउन सकस पर्ने देखिएको थियो। विष्णु शर्मालाई सुवास भण्डारीले २१ रनमा आउट गर्दै दबावमा राखे।

अनिष खड्काले किरण पौडेललाई १ रनमै पभेलियनको बाटो देखाएपछि कास्की बीलाई अमृत र विधानले सम्हाल्दै जितसम्म डोहोर्‍याए। सुवास विधानले ३६ बल खेल्दै ३ चौका हिर्काउँदा अमृतले भने २७ बलमा १ चौका र ४ छक्कासहित ३७ रनमा अविजित रहे।

भण्डारीले ८ ओभरमा २ मेडन राख्दै २२ रन खर्चिएर ३ विकेट लिए। दुईदिवसिय सिरिजमा कास्की बीका नितेश गिरी प्लेयर अफ दि म्याच घोषित भए। कास्की जिल्ला क्रिकेट संघका अध्यक्ष सन्जयकान्त सिग्देल तथा कोषाध्यक्ष विरेन पुनले गिरीलाई ट्रफी प्रदान गरेका थिए।

# वालिङका नवउद्यमी र कोरोना प्रभावितलाई नगद अनुदान

प्रकाश डोटेल
स्याङ्जा, २७ चैत

कोरोनाको संक्रमणका कारण रोजगारी गुमाएका र नयाँ व्यवसाय शुरु गर्न चाहाने युवायुवतीलाई लक्षित गरी अनुदान उपलब्ध गराइएको छ।



रोजगारी गुमाएका तथा आफ्नै व्यवसाय शुरु गर्न नयाँ योजना पेश गरेका युवायुवतीलाई उद्यमी बनाउने उद्देश्यले स्याङ्जाको वालिङ नगरपालिकाले नगद अनुदान उपलब्ध गराएको हो।

उद्यमशीलता तथा नवप्रवर्तन कोषमार्फत 'स्टार्ट अप' का रुपमा २० जना युवायुवतीलाई जनही ५० हजारका दरले अनुदान उपलब्ध गराइएको वालिङ नगरपालिका नगर प्रमुख दिलीपप्रताप खाँणले जानकारी दिए। पालिकाले यसअघि पनि आफ्नै व्यवसाय शुरु गर्न चाहाने युवायुवतीहरुका लागि स्टार्टअपका रुपमा नगद अनुदान दिदै आएको छ।

"कोरोना संक्रमणका कारण प्रभावित भई स्वदेश वा विदेशमा रोजगारी गुमाएका वालिङका नागरिकलाई उद्यमशीलता तर्फ लाग्न प्रेरित गर्ने उद्देश्यले कोष स्थापना गरिएको छ।" नगरप्रमुख खाँणले भने, "सोही कोषमार्फत आफ्नै व्यवसाय शुरु गर्न चाहाने तथा व्यावसायको थप प्रबर्द्धन गर्ने युवायुवतीलाई सहयोग गर्दै जाने नगरपालिकाको योजना रहेको छ।" विदेशमा रोजगारी गुमाई फर्केका वा स्वदेशमा रोजगारीमा रहेका युवायुवतीलाई स्वरोजगार तथा आत्मनिर्भर बनाई उनीहरुको आयआर्जन बृद्धि गर्न 'उद्यमशीलता व्यवसाय प्रबर्द्धन तथा नवप्रवर्तन केन्द्र ईबिक सञ्चालन कार्यविधि-२०७७' निर्माण गरी सोही कार्यविधिका आधारमा स्थापित कोषबाट आर्थिक सहयोग गर्दै आएको नगरपालिकाले जनाएको छ। कोरोना संक्रमण र अन्य कारणबाट बेरोजगारी समस्या बढ्दै गएको बताउँदै संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) नेपालले स्वरोजगार बनाउन र उत्पादन मुलक क्षेत्रमा प्रेरित गर्न नगद अनुदानले निक्कै सहयोगी हुने विश्वास गरेको छ।

बिभिन्न समस्याका कारण रोजगारी गुमाएका र अब के गर्ने, के नगर्ने ? अन्यौलमा रहेका युवायुवतीलाई उद्यमशीलता तथा नवप्रवर्तन कोषमार्फत 'स्टार्टअप' का रुपमा बिगत दुई वर्षदेखि नगद अनुदान दिन थालिएको युएनडिपीको स्थानीय साझेदार दियालो संस्थाका अध्यक्ष कविता तिवारीले जानकारी दिईन्।

नगरपालिकाले बिगत २ बर्षदेखि नवउद्यमी तथा कोभिड प्रभावितहरुलाई अनुदान र नविनतम सोचलाई पुरस्कृत गर्दै आएको छ। नवउद्यमीलाई अनुदानको सहि प्रयोग गर्दै नविनतम र उत्पादनलाई बढाउन नगरपालिकाले आग्रह गरेको छ।

उद्यमशीलताको क्षेत्रमा नगरपालिकाले बिशेष कार्यक्रम सञ्चालन गर्न लागेको नगरका प्रमुख प्रशासकीय अधिकृत राजन भट्टराईले जानकारी दिए। उद्यमशीलता व्यवसाय प्रवर्द्धन तथा नवप्रवर्तन केन्द्र ईबिक मार्फत रोजगारी सिर्जना गर्ने र स्वरोजगार बनाउने गरी क्रियाकलाप सञ्चालनमा रहेको उनले बताए।

# भरतपुर महानगरपालिकाको प्रमुखमा सुवेदीको उम्मेदवारी

पोखरापत्र संवाददाता
चितवन २७ चैत

भरतपुर महानगरपालिकाको प्रमुख पदमा नेकपा (एमाले)ले विजय सुवेदीलाई उम्मेदवार बनाउने भएको छ। भरतपुर महानगर कमिटीले सुवेदीको एकल नाम जिल्ला कमिटीमा सिफारिस गरेको हो। महानगर कमिटीको आइतबार सम्पन्न बैठकमा एमाले पोलिटब्यूरो सदस्य एवं चितवन जिल्ला इन्चार्ज देवी ज्ञवालीको प्रस्ताव र सांसद एवं एमाले नेता कृष्णभक्त पोखरेलको समर्थनमा सुवेदीको नाम सर्वसम्मत सिफारिस भएको एमाले भरतपुर महानगर कमिटी अध्यक्ष शङ्कर थपलिया जानकारी दिनुभयो।

एमाले जिल्ला अध्यक्ष रामप्रसाद न्यौपानेले महानगरबाट एउटा मात्रै नाम सिफारिस भएकाले सोही नामलाई मात्रै प्रदेश कमिटीमा पठाउने बताउनुभयो। प्रदेश कमिटी हुँदै केन्द्रीय कमिटीमा पुगेको सिफारिसका आधारमा केन्द्रले उम्मेदवार निर्णय गर्नेछ। सुवेदी एमाले चितवनको दुई कार्यकाल पार्टीप्रमुख (सचिव) भइसक्नुभएको छ। हाल उहाँ पार्टीको बागमती प्रदेश सचिव हुनुहुन्छ।

# एमालेबाट वडा नं. २ मा दीपक उम्मेदवार

पोखरापत्र संवाददाता
पोखरा, २७ चैत

एमालेले केही पोखराका केही वडाहरुमा अध्यक्षसहित सबै सदस्यका उम्मेदवारको टुंगो लगाएको छ।



पोखरा २ को वडाध्यक्षमा दीपक शाह, सदस्यहरुमा हरिमाया परियार (उत्पीडित) मंगल साई (जनजाति) सहित खुला सदस्यमा उर्मिला पराजुली र जनार्दन सुवेदीलाई सर्वसम्मत चयन गरिएको एमालेले जनाएको छ। शाह विद्यार्थी राजनीतिबाट उदाएका नेता हुन्। पृथ्वीनारायण क्याम्पसको पूर्वस्ववियू सदस्यसमेत रहेका उनी पछिल्लो समय शैक्षिक क्रियाकलापमा संलग्न छन्। अर्चलबोटका बासिन्दा शाह हाल एमाले वडा नम्बर २ का अध्यक्ष पनि हुन्। एमालेले वडा नम्बर १३ र १८ मा सर्वसम्मत उम्मेदवार टुंग्याएको छ।

# पोखरेलीको मन जित्दै 'शिरीषको फूल'

पोखरापत्र संवाददाता
पोखरा, २७ चैत

पोखरा थिएटरको गन्धर्व नाटकघरमा मञ्चन भइरहेको नाटक 'शिरीषको फूल' लेपोखरेली दर्शकको मन जितेको छ।

थिएटर मल र पोखरा थिएटरको सहकार्यमा यही चैत २४ गतेदेखि २७ गतेसम्म मञ्चन गरिएको नाटकले विशेषतः पोखरेली युवा विद्यार्थीलाई आकर्षित गरेको छ।

साहित्यकार पारिजातको मदन पुरस्कार प्राप्त कृति उपन्यास शिरीषको फूल (विसं २०२२) मा आधारित नाटक भएको र विभिन्न पाठ्यक्रममा समावेश भएकाले पनि यो विद्यार्थीहरूका लागि विशेष रोजाइमा परेको हो। थिएटर मलका संस्थापक तथा कला निर्देशक एवं नाटकका परिकल्पनाकार केदार श्रेष्ठले पोखरेली रङ्गप्रेमीको मायाका कारण उत्साह थपिएको उल्लेख गर्दै प्रतिकूल मौसमका बाबजुद दर्शकको साथ मिलेकोमा आफूहरू हर्षित बनेको बताउनुभयो। अञ्जान प्रदीपको निर्देशन रहेको नाटकमा काठमाडौँ तथा पोखरेली कलाकारको जीवन्त अभिनय छ। नाटककी पात्र सकमबरीको भूमिकामा समृद्धि नेपाल, सुयोगवीरको भूमिकामा सञ्जय विश्वकर्मा, शिवराजको भूमिकामा हाङ ओ हाङ राई, मुजुराको रूपमा सविना गोपाली, सानु हेड हन्टरीकी छोरीको रूपमा अञ्जु रिजाल, भैँसी गोठाल्नीको रूपमा मनिषा केसी, आदिवासी युवतीको रूपमा एलिसा भोग, मटिनचीको भूमिकामा दिप्सन विश्वकर्मा र पारिजातको भूमिकामा अञ्जु दाहाल हुनुहुन्छ।

नाटकले पोखरेलीको मन जित्न सफल भएकोमा आफूहरू उत्साहित बनेको निर्देशक प्रदीपले बताउनुभयो। पोखरा थिएटर संस्थापक तथा क्रियटिभ डाइरेक्टर परिवर्तनले थिएटर मलसँग संस्थागत सहकार्यमा मञ्चन गरिएको नाटकले थिएटरमा रौनक थपिएको बताउनुभयो। आगामी दिनमा देशका विभिन्न नाट्य समूह वा नाटकघरसँगको सहकार्यमा वार्षिकरूपमा निरन्तर नाटक पस्कने सोच बनाइएको उहाँको भनाइ छ।

# सरकारले पेट्रोलियम पदार्थको वैज्ञानिक व्यवस्थापन गर्छ : मन्त्री बडू

रासस
काठमाडौं, २७ चैत

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूले आम उपभोक्ताको हितलाई केन्द्रमा राखेर पेट्रोलियम पदार्थको मूल्यवृद्धि, सहज आपूर्ति र ढुवानी भाडालगायत समस्याको वैज्ञानिक समाधान खोजिने बताउनुभएको छ।

मन्त्री निवास पुल्चोकमा पेट्रोलियम पदार्थको क्षेत्रमा कार्यरत विभिन्न सङ्घसङ्गठनका प्रतिनिधिहरूसँग छलफल गर्दै मन्त्री बडूले सो कुरा बताउनुभयो। विश्वभर पेट्रोलियम पदार्थको क्षेत्रमा देखिएको सङ्कटको असर नेपालमा समेत परेको भन्दै मन्त्री बडूले वैज्ञानिक व्यवस्थापनका लागि सरकारले काम गरिरहेको बताउनुभयो।

पट्रोलियम तथा ढुवानी व्यवसायीको मागका सम्बन्धमा सरकार सकारात्मक भएको भन्दै उहाँले पछिल्लो समय पेट्रोलियम पदार्थको आपूर्तिमा देखिएको समस्या समाधान हुनेमा उपभोक्तालाई आश्वस्त पार्नुपर्ने बताउनुभयो।

नेपाल एलपी ग्यास उद्योग सङ्घ, नेपाल पेट्रोलियम ढुवानी महासङ्घ र पेट्रोलियम पदार्थ डिलर्स एसोसिएशनका प्रतिनिधिहरूले पछिल्लो समय देखिएका समस्या र समस्या समाधानका लागि मन्त्रीलाई संयुक्त रूपमा ध्यानाकर्षण गराएका थिए।

पछिल्लो समय इन्डियल आयल कर्पोरेशन (आइएसपी) बाट पेट्रोलियम पदार्थको मूल्य बढेर आएको भन्दै नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य बढाउँदै आएको छ। निगमले उपभोक्ता मूल्य बढाएर व्यवसायीलाई दिइने कमिशन नबढाएको भन्दै व्यवसायीहरू आन्दोलित भएका थिए।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# गभर्नरमाथि अर्थमन्त्रीको प्रतिशोध

सरकारलाई असहयोग गरेको र अर्थतन्त्र बिगार्ने भूमिका खेलेको भन्दै नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलाई निलम्बन गरेको छ । गठबन्धन सरकार बनेदेखि नै सरकारले आर्थिक अनुशासन पालना गर्दैन भन्नेहरू धेरै थिए।देशको अर्थमन्त्री चयन गरेदेखि नै सरकार कता जाँदैछ भन्ने संकेत नदेखिएको होइन । विषयको ज्ञान नभए पनि सिक्ने र सल्लाहकारबाट राम्रो सल्लाह नलिनु देशलाई संकटतिर धकेल्नु हो । निर्वाचनमा देश होमिन लागेका बेला राष्ट्रिय बैंकको गभर्नर निलम्बन गरेर आफ्नो असक्षमता देखाएको छानिर्वाचन आयोगले आचारसंहिता लगाउने अघिल्लो साँझ निलम्बन गर्नु आचार संहिता छल्ने नियत देखिन्छ । राष्ट्र बैंकले अर्थतन्त्र जोगाउनैका लागि विलासी वस्तुहरूको आयातमा कडाइ गऱ्यो । अमेरिकाबाट नेपाल भित्रन लागेको स्रोत नखुलेको ४० करोड रुपैयाँ फुकुवा गर्न मानेन। बैंकहरूको ब्याजदरमा लगाम कस्यो। अर्थमन्त्री जनार्दन शर्मा र स्वयं प्रधानमन्त्री शेरबहादुर देउवालाई गभर्नरले अर्थतन्त्र जोगाउन गरेका प्रयास मनपरेको थिएन। मन नपर्ने को स्वास् गन्हाउछ भनेझैं अर्थमन्त्रीले असहयोग गरेको आरोपमा प्रधानमन्त्रीलाई पनि कान फुक्न भ्याए ।

अर्थमन्त्री शर्माले त भन् अमेरिकाबाट आएको पैसा फुकुवा गर्न दबाब दिइरहेका थिए । तर बहानाचाहिँ सूचना चुहावट गरेको, राष्ट्र बैंकको व्यवस्थापकीय जिम्मेवारी बहन गर्न असमर्थ रहेकोलगायत लगाइएको छ । गभर्नर त्यत्तिकै पदमुक्त हुने जिम्मेवारी होइन । त्यसैले ऐन अनुसारै कुनै न कुनै बहानाका आरोप लगाउनुपर्ने थियो। लगाइयो। गभर्नर अधिकारी र अर्थमन्त्रीबीच राम्रो सम्बन्ध थिएन । सार्वजनिक सभाहरूमा दुईबीच जुहारी पनि चलो अर्थमन्त्री मुलुकको अवस्था श्रीलंकाको दिशामा जाँदै छैन भन्दै रक्षात्मक हुन्थे। गभर्नर भने बेलामा आयातमा लगाम नकसे अर्थतन्त्र धरासयी हुन्छ र त्यही दिशामा जान लागियो भनेर प्रतिरक्षामा उत्रन्थे । यसको प्रतिशोधमा सरकारले गभर्नरलाई निलम्बन गऱ्यो । यो उनलाई पदमुक्त गर्ने प्रक्रिया हो। राष्ट्र बैंक ऐनअनुसार गठित छानबिन समितिबाट एक महिनामा प्रतिवेदन लिएर अधिकारीलाई बर्खास्त गर्ने नियतबाटै सरकारले उनलाई निलम्बन गरेको छ ।

अर्थतन्त्रको नेतृत्वकर्ता अर्थ मन्त्रालय हो। मन्त्रालयको नेतृत्व शर्माले गरिरहेका छन् । तर, ठिक दिशामा अर्थतन्त्रलाई हिँडाउन सकेनन् । त्यो अपजस अर्थमन्त्री शर्माले गभर्नरमाथि थोपर्न गरेको प्रयास पनि हो, उनको निलम्बन । खासमा उनले अर्थतन्त्रलाई डामाडोल बनाएको अपजस लिनुपर्दा आफ्नो राजनीतिक करियर धरासयी हुने देखे । अनि उल्टै अर्थतन्त्र धरासयी हुने खतरा निम्त्याउने धृष्टता गरे । 'अरू जेसुकै भर्सेला परे परोस्, मेरो राजनीति जोगियोस्' भन्ने हेतुबाटै अर्थतन्त्रलाई नै दाउमा राख्ने दुस्साहस गरे। अर्थतन्त्र अस्थिर र धरासयी हुन सक्ने खतरा छ । किनभने गभर्नर अधिकारीले लागू गरेका नीति अर्थमन्त्रीले उल्ट्याए भने अर्थतन्त्र अस्थिर हुने मात्रै होइन, संकटमा पर्ने निश्चित जस्तै छ । अहिले अर्थतन्त्र निकै संवेदनशील र संकटोन्मुख छ भन्ने भनाइ विज्ञहरूकै हो । अर्थतन्त्रका सूचकहरू गभर्नरको भनाइसँगै नजिक छन् । मुलुक भित्रिने विदेशी रकमभन्दा बाहिरिने बढी हुँदा शोधनान्तर घाटा दुई खर्ब ५८ अर्ब रुपैयाँ पुगेको छ । मुलुकको व्यापार घाटा साढे ११ खर्बभन्दा बढी छ। वैदेशिक ऋण चुलिँदो छ । श्रीलंका टाट पल्टिनुका पछाडि विदेशी मुद्रा सञ्चय बिनाको राष्ट्रिय ढुकुटी र विदेशी ऋणलगायत कारणहरू त हुन् ।

गभर्नरजस्ता जिम्मेवारीलाई निश्चित अवधिका लागि स्थायी बनाउने परम्पराका पछाडि कारणहरू पनि संवेदनशील छन् । सरकार फेरिएजस्तो राष्ट्र बैंकका नीति र नेतृत्व फेरियो भने आर्थिक सन्तुलन नै खल्बलिन्छ । मुद्रा र अर्थव्यवस्थामाथि नै नागरिकको विश्वास टुट्छा देश टाट उल्टिने त्यसरी नै हो । तसर्थ, भ्रष्टाचार वा अन्य कुनै कमजोरी नगर्दासम्म तोकिएको अवधिसम्म गभर्नरलाई जिम्मेवारीमुक्त गरिन्न । थुप्रै विषयमा असहमत हुँदाहुँदै पूर्ववर्ती सरकार प्रमुख र अर्थमन्त्रीहरूले गभर्नर र राष्ट्र बैंकमा हस्तक्षेप नगरेका दृष्टान्त काफी छन्। तर, केपी ओली सरकारका पालामा नियुक्त भएको भन्ने पूर्वाग्रह यो सरकारले देखाएको छ । सिंगो अर्थव्यवस्थामाथि पर्ने असरलाई नजरअन्दाज गरिएको छ । त्यस आधारमा गभर्नरलाई पदमुक्तिको प्रक्रियामा धकेल्नु मुलुकको अर्थतन्त्रलाई पनि भीरको डिलमा पुऱ्याउनु हो । नेपाली उखान भालुको रिस खनियामाथि भनेझैं अर्थतन्त्र ध्वस्त पारेको, देशलाई आर्थिक संकटमा पारेको आरोपमा अर्थमन्त्रीलाई बर्खास्त गर्नुपर्नेमा गभर्नरलाई निलम्बन गर्नु अक्षम्य अपराध हो ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : झमेला बढ्ने |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शारीरिक झमेला | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : ब्यापारमा लाभ | मीन | : आर्थिक समस्या |

**हरिसिद्दि भविस्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# चार स्रष्टा सम्मानित

**पोखरापत्र संवाददाता**
**दमौली, २७ चैत**

शुक्ला साहित्य सङ्गम तनहुँले विभिन्न विधामा चार स्रष्टालाई सम्मान गरेको छ। तनहुँको शुक्लागण्डकीस्थित दुलेगौडामा शनिबार आयोजित कार्यक्रममा विभिन्न विधाका चार स्रष्टालाई सम्मान गरिएको हो ।

शुक्ला विशिष्ट सम्मानबाट कास्कीका साहित्यकार एवं प्राज्ञ रमेश श्रेष्ठ पुरस्कृत हुनुभएको छ । उहाँलाई नगद रु १५ हजारसँगै सम्मानपत्रले पुरस्कृत गरिएको छ। शुक्ला पुरस्कारबाट झापाका साहित्यकार जनार्दन दाहाललाई पुरस्कृत गरिएको छ। उक्त सम्मानको राशि रु १० हजार रहेको छ।

शुक्ला प्रतिभा पुरस्कार तनहुँका साहित्यकार अनिल श्रेष्ठ र र शुक्ला पूर्ण बाल प्रतिभा पुरस्कार तनहुँका अनुप लामिछानेलाई प्रदान गरिएको छ। शुक्ला प्रतिभा पुरस्कारको राशि रु पाँच हजार र शुक्ला पूर्ण बाल प्रतिभा पुरस्कारको राशि रु दुई हजार ५०० छ।

स्रष्टाहरूलाई वरिष्ठ साहित्यकार एवं प्राज्ञ सरुभक्त श्रेष्ठ, शुक्ला साहित्य सङ्गमका कार्यवाहक अध्यक्ष रामशरण गैरे र सङ्गमका संरक्षक शेषमणि आचार्यले सम्मान गर्नुभएको हो । संस्थाले नेपाली साहित्यको क्षेत्रमा योगदान पुऱ्याएका स्रष्टालाई सम्मान गर्दै आइरहेको पूर्वअध्यक्ष नारायण श्रेष्ठले जानकारी दिनुभयो । सङ्गमले हरेक दुई वर्षका अवधिमा यो पुरस्कार प्रदान गरिरहेको छ।

रु तीन लाखको अक्षयकोष स्थापना गरी पुरस्कृत गर्न थालिएको बताइएको छ । संस्थाले यसअगाडि शुक्ला विशिष्ट पुरस्कार कवि तथा साहित्यकार डा रामप्रसाद ज्ञवाली, शुक्ला पुरस्कार साहित्यकार धीरेन्द्र प्रेमर्षी, शुक्ला प्रतिभा पुरस्कार कवि जगन्नाथ पौडेल र सुष्मा सिग्देल तथा शुक्ला बाल प्रतिभा पुरस्कार अमृत ढकाललाई प्रदान गरेको थियो।

सोही अवसरमा सम्मानित स्रष्टा जनार्दन दाहालको गजल सङ्गह 'यी मान्छे यी नजर' विमोचन गरिएको छ । दाहालको चौथो कृतिमा ८५ गजल समावेश छ।

# भूमिहीनलाई निस्सा वितरण गर्दै पालिका

**पोखरापत्र संवाददाता**
**दमौली, २७ चैत**

वर्षौंदेखि लालपुर्जाविहीन अवस्थामा रहेका भूमिहीनलाई तनहुँका पालिकाले निस्सा वितरण गर्न थालेका छन्। स्थानीय तहको निर्वाचन नजिकिँदै गर्दा यहाँका दुई पालिकाले भूमिहीन सुकुम्बासीलाई निस्सा वितरण सुरु गरेका हुन्।

शुक्लागण्डकी नगरपालिका र बन्दीपुर गाउँपालिकाले सबै वडाका भूमिहीनलाई निस्सा वितरण सुरु गरेका छन् । शुक्लागण्डकी नगरपालिकाले राष्ट्रिय भूमि आयोगसँगको सहकार्यमा शुक्लागण्डकी–७ शान्तिनगरबाट निस्सा वितरण सुरुआत गरेको हो। शुक्लागण्डकी–७ का ९३० भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीले लालपुर्जा प्राप्त गर्नका लागि निवेदन दिएका थिए । तीमध्ये ८६६ भूमिहीनको विवरण प्रविष्ट गरिएकामा पहिलो चरणमा २४७ लाई निस्सा वितरण सुरु गरिएको प्रमुख प्रशासकीय अधिकृत लीलाबल्लभ न्यौपानेले जानकारी दिनुभयो । निस्सा वितरणसँगै लालपुर्जाको प्रक्रिया सुरु भएको उहाँले बताउनुभयो।

नगरपालिकाका १२ वटै वडाबाट चार हजार ४०३ भूमिहीनको निवेदन सङ्कलन भएको छ। यहाँका भूमिहीन विगत लामो समयदेखि लालपुर्जा पाउने आशामा बसिरहेका छन् । पटक–पटक बनेको भूमि आयोगले लालपुर्जाका लागि निवेदन सङ्कलन गरे पनि सरकार परिवर्तनसँगै आयोगका पदाधिकारी फेरबदल हुँदा उनीहरूले लालपुर्जा पाउन सकेका छैनन्।

बन्दीपुरले पनि भूमिहीन सुकुम्बासीलाई निस्सा वितरण सुरु गरेको छ । वर्षौंदेखि स्थानीयवासीले प्रयोग गरिआएको जग्गाको लालपुर्जा वितरण गर्ने प्रक्रियाअन्तर्गत गाउँपालिकाले निस्सा वितरण सुरु गरेको हो । राष्ट्रिय भूमि आयोगसँग भएको सम्झौताबमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गाको निस्सा वितरण गरिएको गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले जानकारी दिनुभयो। उहाँका अनुसार बन्दीपुर–१ बाट निस्सा वितरण थालिएको छ । उक्त वडाका ७४ जनालाई निस्सा वितरण गरिएको र सबै वडामा निस्सा वितरण गरिने उहाँले बताउनुभयो।

यसैगरी बन्दीपुर–४ र ५ का १३० भूमिहीनलाई निस्सा वितरण गरिएको छ । अध्यक्ष थापाका अनुसार गाउँपालिकामा छवटै वडामा करिब ३२५ भूमिहीनलाई निस्सा वितरण गरिनेछ। "भूमिहीन सुकुम्बासीलाई लालपुर्जा वितरण गर्नका लागि निस्सा वितरण गरेका हौं, निस्सा दिएपछि अब लालपुर्जा पनि पाइन्छ भन्ने स्थानीयवासीलाई हौसला दिएका छौं", उहाँले भन्नुभयो । निस्सा वितरणकै आधारमा अब जग्गाको नापजाँच प्रक्रिया अगाडि बढ्ने भएकाले उनीहरूले लालपुर्जा पाउने पक्का भएको अध्यक्ष थापाले बताउनुभयो ।

# असिनाले खेतीबाली नष्ट

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, २७ चैत**

जिल्लाको विभिन्न स्थानमा शनिबार दिउँसो परेको असिनापानीले खेतीबाली नष्ट पारेको छ । बेनी नगरपालिका सहित रघुगङ्गा र मङ्गला गाउँपालिकामा असिनाले गहुँ, जौं, आलु, मकैबालीमा क्षति पुगेपछि कृषक चिन्तित र निराश बनेका हुन् । रघुगङ्गाको बेग, भगवती, पिप्ले, मौवाफाँट, बेनीको रत्नेचौर, भकुण्डे, भकिम्ली, डडुवा, मङ्गलाको बरङ्जा, सीमलचौरमा हावाहुरीसहितको असिना परेको थियो।

भित्र्याउने बेला भएको गहुँ, भखरै उम्रिएको मकै र आलुका बिरुवा असिनाले चुटेर नष्ट बनाएको रघुगङ्गा–३ मौवाफाँटका कृष्णप्रसाद शर्माले जानकारी दिनुभयो । यतिखेर जिल्लाको मध्यपहाडी र लेकाली क्षेत्रमा गहुँ भित्र्याउने चटारो छ।

हावाहुरीसँगै असिनापानी परेको थियो । सुन्तला जात फलफूल र तरकारी खेतीमा पनि असिनाले क्षति गरेको मङ्गला–३ बरङ्जाका कृष्णलाल सापकोटाले बताउनुभयो । क्षतिको पूर्ण विवरण आइ नसकेको कृषि ज्ञान केन्द्रले जनाएको छ।

स्थानीय तहका कृषि प्राविधिकलाई क्षतिको विवरण सङ्कलनका लागि परिचालन गरिएको केन्द्रले जनाएको छ।

# सामुदायिक वनमा फलफूल खेती

**पोखरापत्र संवाददाता**
**बागलुङ, २७ चैत**

हरेक नागरिकलाई उत्पादनसँग जोड्ने भन्दै यहाँको एक वडाले सामुदायिक वनमा फलफूल खेती थालेको छ । काठेखोला गाउँपालिका–७ रेशले स्थानीय सामुदायिक वन उपभोक्ता समितिसँग मिलेर फलफूल खेती थालेको हो।

बहुवर्षे उत्पादन दिने फलफूलका बिरुवा सामुदायिक वनमा लगाइएको वडाध्यक्ष प्रेम लामिछानेले बताउनुभयो । काम नलाग्ने रुखमात्रै हुर्काएर सामुदायिक वनबाट किसानले फाइदा लिन नसक्ने जनाउँदै वडाले वनमा उत्पादन गर्न सकिने फलफूलका बिरुवा लगाउन सुरु गरेको हो। पहिलो चरणमा वडामा रहेका दुईवटा सामुदायिक वनमा फलफूल लगाइएको छ। जापानिज नास्पाती, एभोगाडो, प्लम, टिमुरलगायतका फलफूल र औषधिजन्य जडीबुटीका बिरुवा वनमा लगाइएको लामिछानेले बताउनुभयो । साङ्खोला सामुदायिक वन उपभोक्ता समितिको सहकार्यमा दुई हजार ५०० बिरुवा लगाइएको उहाँले बताउनुभयो।

डिभिजन वन कार्यालय बागलुङ, कृषि ज्ञान केन्द्रलगायतका संस्थाले वडाको अभियानमा बिरुवा सहयोग गरेका थिए। रेशकै मौवाघारी सामुदायिक वनमा पनि परीक्षणका रूपमा फलफूलका बिरुवा लगाउन थालिएको उहाँले बताउनुभयो।

वनमा फलफूलका बिरुवा लगाउँदा सामुदायिक वन उपभोक्ता समूहको आम्दानी बढ्ने र बाँदर नियन्त्रणमा समेत सहयोग पुग्ने वडाको विश्वास छ । "चिलौने, उत्तिस, अँगेरीलगायतका बिरुवाको वनले मात्रै उपभोक्तालाई फाइदा दिन सक्दैन", उहाँ भन्नुभयो, "वनको खाली जग्गामा लगाइएको फलफूलले बहुवर्षे उत्पादन दिँदा समूहमा रहेका सबैलाई फाइदा हुन्छ ।" वन पनि नमासिने र फलफूल पनि हुर्किने गरी खाली जमिनमा बिरुवा लगाउन वडाले भनेको छ । बाँदरले खान मिल्ने फलफूल वनमै हुँदा घर गाउँमा डुल्ने बाँदर वनमा रोकिने र खेतीपाती जोगिने वडाको विश्वास छ । टिमुरलगायतका औषधिजन्य जडीबुटीबाट सामुदायिक वनले आयआर्जन गर्न सक्ने स्थानीय रामचन्द्र शर्माले बताउनुभयो । "फलफूलकै वन बनाउँदा केही बिग्रिने होइन, भएका रुख नमास्ने र खाली जमिनमा फलफूल लगाउने गरिएको छ", उहाँले भन्नुभयो, "बाँझो जमिनमा पनि उत्पादनसँग जोडिने खेती गर्न थालिएको छ ।" रेशमा नौ सामुदायिक वन छन्।

सबै सामुदायिक वनमा क्रमशः फलफूल खेती विस्तार गर्ने योजना रहेको लामिछानेले सुनाउनुभयो । अघिल्लो आर्थिक वर्षमा रु पाँच लाख खर्चेर फलफूल तथा जडीबुटीका बिरुवा लगाएको वडाले ती बिरुवाको संरक्षण र गोडमेलको जिम्मेवारी सामुदायिक वनलाई नै दिएको छ । पशुपालन र खेतीपाती धेरै हुने रेशका सामुदायिक वनमा हुने घाँसले किसानलाई सहयोग गर्ने गरेको छ। फलफूल तथा जडीबुटी उत्पादन सुरु हुँदा किसान उपभोक्तालाई आर्थिकरूपमा थप सहयोग पुग्ने वडाध्यक्ष लामिछानेले बताउनुभयो।

# पुल बगाएको नौ महिनापछि बेलिब्रिज

**पोखरापत्र संवाददाता**
**तनहुँ, २७ चैत**

व्यास नगरपालिका–१ र १३ जोड्ने छाब्दी खोलाको पुल बगाएको नौ महिनापछि बेलिब्रिज जडान गरिएको छ । गत वर्ष असारमा छाब्दी खोलामा आएको बाढीले पक्की पुल बगाएको थियो।

पुल बगाएपछि व्यास, बन्दीपुर र ऋषिङ गाउँपालिकाका बासिन्दा मारमा परेका थिए । नेपाली सेना र स्थानीयवासीको सहयोगमा तत्काल कल्भर्ड हाली आवतजावतको व्यवस्था मिलाइएको थियो । भानु तुरुटुरे र गोरखाको पालुङटार जोड्ने बेलिब्रिज मर्स्याङ्दी नदीले बगाएपछि सोही बेलिब्रिज छाब्दीखोला दोभानमा राख्ने योजना बनाइएको थियो। चितवनबाट मर्मत गरेर ल्याइएको बेलिब्रिज जडान गरिएको पूर्वाधार विकास एकाइ कार्यालय तनहुँका सिनियर डिभिजन इञ्जीनियर दिनेशकुमार घिमिरेले जानकारी दिनुभयो।

सङ्घीय सरकारको रु १८ लाख सहयोगमा सडक डिभिजनमार्फत बेलिब्रिज ल्याइएको हो । गण्डकी प्रदेश सरकारको रु ४३ लाखको लागतमा ग्याबिन जाली तथा बेलिब्रिज मर्मत गरिएको हो। बेलिब्रिज जडानसँगै आवातजावत गर्न सहज भएको व्यास–१३ का वसन्त आलेले बताउनुभयो। पृथ्वी राजमार्गलाई अहिले चौडा बनाउने काम भइरहेको छ । बुढसिं मार्गलाई वैकल्पिक सडकका रुपमा रूपमा विस्तार गर्न लागिएको छ।

# हिसानको अध्यक्षमा पुन:सिलवाल

**रासस**
**पोखरा, २७ चैत**

उच्च शिक्षालय तथा माध्यमिक विद्यालय सङ्घ नेपाल (हिसान) को आठौँ राष्ट्रिय महाधिवेशनले रमेशकुमार सिलवालको नेतृत्वमा ६१ सदस्य केन्द्रीय कार्यसमिति सर्वसम्मत चयन गरेको छ।

समितिको वरिष्ठ उपाध्यक्षमा युवराज शर्मा, नवराज पाण्डे, भेषराज पोखरेल, उपाध्यक्षमा टङ्कराज आचार्य, जीवनप्रकाश शर्मा, उमेश थापा, रामेश्वर अर्याल, डा स्वागत श्रेष्ठ, ईश्वर पोखरेल, धरणीधर अधिकारी, हरिचन्द्र लामिछाने, रामहरी सिलवाल, लोकनाथ उपाध्याय, नारायण उपाध्याय, दीपेन्द्र भण्डारी, डा लालबाबु यादव, बाबुराम पन्त, महासचिवमा लोकबहादुर भण्डारी, सचिवमा जयराम खनाल, डा ऋषि तिवारी, राजेन्द्र अधिकारी, तीर्थ पोखरेल, कृष्ण केसी, आरवी अधिकारी, कोषाध्यक्षमा वीरेन्द्र जयना र सहकोषाध्यक्षमा नरेन्द्रबहादुर अधिकारीलाई चयन गरेको छ । राष्ट्रपति विद्यादेवी भण्डारीले यही चैत २५ गते सो सङ्घको महाधिवेशनको उद्घाटन गर्नुभएको थियो।

**अर्जेन्ट चाहियो**
**अफिसको लागि**
**साधारण लेखपढः ३ जना**
**SLC, + 2 above : ५ जना**
**तलबः आर्कषण**
**सम्पर्कः**
**९८१५१५७८०२**
**९८४६६४७६२७**

**रक्तदान जीवनदान**

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

**पोखरा महानगरपालिका वडा नं. १० स्वर्णिमटोल बाटो ढलान गर्ने कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः स्वर्णिमटोल बाटो ढलान**
**स्थान: पोखरा–१०**
**योजना सम्झौता मिति : २०७८/१०/०१ गते**
**योजना सुरु मिति : २०७८/१०/०२ गते**
**योजना सम्पन्न मिति: २०७८/१२/३० गते**
**महानगरपालिकाबाट प्राप्त रकम : रु.११,९६,०००/**
**जनसहभागिताबाट : रु. ३,१४,०००/**
**योजनाको कुल खर्चः रु १५,१४,४७८/४२**
**बढी खर्चः ४४७८/४२**
**उपभोक्ता समिति अध्यक्षः गौ प्रसाद गुरुङ**
**उपाध्यक्षः सुजित रानामगर, सचिवः कृष्ण कुमारी गुरुङ**
**कोषाध्यक्षः नविन के.सी.**
**अनुगमन समितिः वडा सदस्य एवं संयोजक सम्मर बहादुर श्रेष्ठ**

**स्वर्णिम टोल बाटो निर्माण समिति**
**पोखरा–१०, कास्की**

# जनमत जुटाउन जुटे दलहरू

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २७ चैत**

स्थानीय निर्वाचनको ३६ दिन बाँकी रहँदा म्याग्दीमा सबै दलहरूका आकाङ्क्षीहरू जनमत आफ्नो पक्षमा लिन आन्तरिक तयारीमा जुटेका छन् ।

सत्ता गठबन्धनमा संलग्न दलहरूले जिल्लामा तालमेल गरेर निर्वाचनमा जाने र पाँचवटै पार्टीका तर्फबाट संयुक्त उम्मेदवार उठाउने निर्णय गरेपछि नेकपा (एमाले)ले नयाँ चुनावी रणनीतिको खोजी गरिरहेको बुझिएको छ। विसं २०७४ को निर्वाचनमा बेनी नगरपालिकाको प्रमुखसहित एक वडाध्यक्षमा चित्त बुझाएको नेपाली कांग्रेसले अहिले बेनी नगरपालिकाका-१० वटै वडाहरू जित्ने रणनीतिका साथ अघि बढेको छ भने एमालेले नगरपालिकामा आफ्नो पुरानो साख जोगाउँदै प्रमुख र उपप्रमुख पनि जित्ने तयारीका साथ उम्मेदवार छनोट गर्ने जनाएको छ। विसं २०७४ को निर्वाचनमा बेनी नगरपालिकामा एमालेले आठवटा वडा जितेको थियो । एमालेले गत स्थानीय तहको निर्वाचनमा म्याग्दीका ६ स्थानीय तहहरूमध्ये धवलागिरि र मङ्गला गाउँपालिकामा प्रमुख र उपप्रमुखसहित अन्य चार वडा स्थानीय तहका अधिकांश वडाहरू जितेको थियो । कांग्रेसले चार स्थानीय तहमा जीत हात पारेको तर अहिलेको अवस्था भने फेरिएको छ । एमालेको मतभन्दा तत्कालीन अवस्थामा कांग्रेस र माओवादीले ल्याएको मत मात्रै जोड्दा पनि अधिकांश पालिकामा एमाले पछि देखिन्छ । त्यसमाथि एमालेबाट विभाजन भएको नेकपा (एकीकृत समाजवादी), जसपा तथा राष्ट्रिय जनमोर्चाको मत गठबन्धनमा जोड्दा एमालेलाई आगामी चुनावको विरासत जोगाउन चुनौती छ ।

यसै गरी आगामी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनमा म्याग्दीमा सत्ता गठबन्धनले चुनावी तालमेल गर्ने भएका छन् । सत्ता गठबन्धनमा संलग्न दलहरूले जिल्लामा पनि चुनावी तालमेल गरेर निर्वाचनमा जाने निर्णय गरेपछि एमालेले पनि नयाँ रणनीति उपनाउने बुझिएको छ । जसअन्तर्गत एमाले राप्रपासँग मिलेर चुनावमा जानसक्ने आङ्कलन गरिएको छ । बिहीबार बेनीमा बसेको बैठकले जिल्लाको ६ वटै स्थानीय तहमा चुनावी तालमेल गर्ने सहमति कायम गरेका हुन् । कांग्रेस म्याग्दीका सभापति खमबहादुर गर्बुजा 'खम्वीर'को संयोजकत्वमा बसेको पाँच दलको बैठकले आगामी ३० वैशाखमा हुने निर्वाचनमा सबै स्थानीय तहमा साझा उम्मेद्वार बनाएर जाने सहमति गरेका हुन् । वडा तहबाट आएको रिपोर्टका आधारमा साझा उम्मेदवारको टुङ्गो लाग्ने कांग्रेस म्याग्दीका सचिव हीराबहादुर पुनले जानकारी दिनुभयो । "सबै दलको वडा तहबाट रिपोर्ट आएपछि अर्को बैठक बसेर रिपोर्टका आधारमा म्याग्दीका सबै वडा र पालिकामा साझा उम्मेदवार उठाउने निर्णय भएको छ", सचिव पुनले भन्नुभयो । म्याग्दीमा पाँच दलले चुनावी तालमेल गर्न जिल्ला र पालिकास्तरीय संयन्त्रसमेत निर्माण गरेका छन् । चुनावी तालमेल गर्ने सैद्धान्तिक सहमति भए पनि कसले कहाँ उम्मेदवारी दिने भन्ने विषयमा भने अझै टुङ्गो लागेको छैन। बैठकमा कांग्रेस सभापति गर्वुजा, माओवादी केन्द्रबाट जिल्ला संयोजक रेशम जुग्जाली, एकीकृत समाजवादीबाट जिल्ला अध्यक्ष कृष्णकुमार विश्वकर्मा, राष्ट्रिय जनमोर्चाबाट जिल्ला अध्यक्ष छवि विश्वकर्मा र जनता समाजवादीबाट देवेन्द्रबहादुर विश्वकर्मा सहभागी हुनुहुन्थ्यो ।

# न्यादी खोलाको बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिने

**पोखरापत्र संवाददाता**
**लमजुङ, २७ चैत**

न्यादी जलविद्युत् आयोजनाको बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिने भएको छ । निर्माण सम्पन्न गरेको करिब दुई महिना बित्दासमेत उत्पादित ३० मेगावाट बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिन सकेको थिएन ।

मर्स्याङ्दी गाउँपालिका-६ ङादीखोलाबाट गत पुसमा विद्युत् उत्पादन गरिएको थियो । उक्त बिजुली खेर गइरहेको आयोजना कम्पनीका प्रमुख कार्यकारी अधिकृत उत्तम अमात्यले बताउनुभयो । आयोजनाको बिजुली २२० केभी मर्स्याङ्दी करिडोर प्रसारण लाइनअन्तर्गतको खुदी सवस्टेसनमा जोड्न नेपाल विद्युत् प्राधिकरणसँग सम्झौता भएको छ । प्राधिकरणसँग सम्झौता गरिएअनुसार प्रसारण लाइन बनाउन नसक्दा वैकल्पिक रुपमा ५० मेगावाटको माथिल्लो मर्स्याङ्दी 'ए' को भुलभुले-मर्स्याङ्दी प्रसारण लाइनमा जडान गर्न आयोजना अघि बढे पनि सहमति जुट्न नसक्दा उक्त आयोजनाको बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिन नसकेको हो । प्राधिकरणसँग सहमती भइसकेको अवस्थामा माथिल्लो मर्स्याङ्दी 'ए' को चिनियाँ कम्पनी सिनो हाइड्रोले सहमति नदिँदा लाइन जडान हुन नसक्दा समस्या उत्पन्न भएको बताइएको छ । सम्बन्धित मन्त्रालय र प्राधिकरणबाटै सोही लाइनमा जोड्न निर्देशन दिइसकेको र केही दिनभित्र बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिने अमात्यले बताउनुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा-२४ ठूलीपोखरी पाटेस्वाँरा खानेपानी मर्मत योजनाको तपसिल बमोजिमको आम्दानी/खर्च भएको व्यहोरा सरोकारवालामा जानकारीका लागि यो सार्वजनकि सूचना जारी गरिएको छ ।**

**योजनाको नाम : ठूलीपोखरी पाटेस्वाँरा खानेपानी मर्मत योजना**
**योजना संचालन हुने स्थान : पोखरा महानगरपालिका वडा २४**
**उपभोक्ता समितिको नाम : ठूलीपोखरी पाटेस्वाँरा खानेपानी मर्मत योजना समिति**
**योजना सम्झौता मिति : २०७८।११।१५**
**योजना सुरु हुने मिति : २०७८।११।१६**
**योजना सम्पन्न हुने मिति : २०७९।०१।३०**
**कुल लागत : ५,८८,०००।-**
**पोखरा महानगरपालिकाबाट : ५,००,०००।-**
**उपभोक्ताबाट : ८८,०००।-**
**उपभोक्ता समितिका पदाधिकारी :**
**अध्यक्ष थमन गिरी, उपाध्यक्ष छविराज गिरी, सचिव सीता बास्तोला चुवाईं, कोषाध्यक्ष राधिका विक, सदस्य क्षेत्रबहादुर कार्की, सदस्य मानबहादुर कार्की र चूडामणि त्रिपाठी ।**

**ठूलीपोखरी पाटेस्वारा खानेपानी मर्मत योजना समिति**
पोखरा-२४, कास्की



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १० कालिका चोक (पूर्व) लेन-१ मा भित्री सडक ढलान गर्ने कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नामः कालिका चोक पूर्व लेन-१ मा सडक ढलान**
**स्थानः पोखरा-१० कालिका चोक लेन-१ भित्रीबाटो**
**योजना सम्झौता मिति : २०७८/०९/२३ गते**
**योजना सम्पन्न मिति : २०७८/१२/३० गते**
**योजनाको कुल लागत : रु. ७,५९,६०२/३५**
**महानगरपालिकाबाट प्राप्त रकम : रु.६,०४,००२/३५**
**जनसहभागिताबाट : रु. १,५५,६००/**
**योजनाको कुल खर्चः रु ८,११,१००/**
**बढी खर्चः ५१४९७/६५**
**उपभोक्ता समिति अध्यक्षः हर्क बहादुर गुरुङ**
**उपाध्यक्षः भक्त बहादुर गुरुङ, सचिवः घनश्याम आचार्य**
**कोषाध्यक्षः लक्ष्मी कुँवर**
**अनुगमन समितिः वडा सदस्य एवं संयोजक सम्मर बहादुर श्रेष्ठ**

**कालिका चोक पूर्व लेन-१ मा सडक ढलान**
पोखरा-१०, कास्की



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



**जन्मः**
**वि. स. २०२१/०५/१८ गते**

**स्वर्गारोहणः**
**वि.स. २०७८/१२/१६ गते**

**स्वः ओम प्रकाश गुरुङ**

यस टोल विकास संस्थाका सहसचिव लाल कुमारी गुरुङका श्रीमान एवं संस्थाका शुभचिन्तक **ओम प्रकाश गुरुङ** को ५७ वर्षको उमेरमा असामयीक निधन भएकोमा हामी अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं। दुःखको यस क्षणमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति शितलादेवी माताले प्रदान गरुन् भनी सतत् कामना प्रकट गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**लोक बहादुर गुरुङ**
**अध्यक्ष एवं**
**शितलादेवी टोल विकास संस्था परिवार**
**पोखरा-१२, शितलादेवी**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



**जन्मः**
**वि. स. २०३२/१०/२४ गते**

**स्वर्गारोहणः**
**वि.स. २०७८/१२/०७ गते**

**स्वः चित्र बहादुर गुरुङ**

साविक भुजुङ्ग गाउँ घर भई हाल पोखरा महानगरपालिका वडा नं. १३, कमलपोखरी मार्ग टोल विकास संस्थामा बसोबास गर्दै आउनु भएका यस संस्थाका सदस्य **चित्र बहादुर गुरुङ** बैदेशिक रोजगारको शिलशिलामा साउदी अरबमा रही काममा जाने क्रममा सडक दुर्घटनामा परी अल्पायूमा नै असामयीक निधन भएको आज २१ औं दिनको पितृ कार्यको आवसरमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**सु. ईन्द्रबहादुर गुरुङ**
**अध्यक्ष एवं**
**कमलपोखरी मार्ग टोल विकास संस्था परिवार**
**पोखरा-१३**



**Government of Nepal**
**Ministry of Agriculture and Livestock Development**
**Department of Livestock Services**
## National Livestock Breeding Office
**Lamapatan, Pokhara, Kaski**

## Invitation for Sealed Quotation

**IFB No. NLBO/2078-79/10**
**Date of publication: 11 April, 2022 (Re)**

1. The National Livestock Breeding Office (NLBO) Pokhara invites bids from eligible bidders for the procurement, Supply and Delivery of FRID Ear Tag and Chip Reader Gun at time and quantity as specified by NLBO under National Competitive Bidding procedures. The name and identification of the contract are as follows:

| Contract ID No. | Name of Procurement | Estimated Cost NRs. Without VAT | Bid Security NRs | Document Fee NRs |
|---|---|---|---|---|
| NLBO/SQ/G/2078-79/17 (Re) | Supply, Delivery and Installation of RFID Ear Tag and Chip Reader Gun Setcompatible with existing SMILE Software using in Laboratory | 15,60,000.00 | 45,000.00 | 1000.00 |

2. Eligible bidders may obtain further information at the office of NLBO, Pokhara,Tel 061-505389, Fax: 061-505389 and email nlbc.pokhara@gmail.com of this office.
3. Bidding Documents may be purchased upon payment of a non-refundable fee on or before 25 April 2022 and submit their bid.
4. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banijya Bank Account No. 1000100200010000
   Office Code no.: 312023902 Revenue Code No.: 14229
5. Bids must be submitted on or before 12:00 Noon on 26 April 2022. Documents received after this deadline shall not be accepted.
6. Bids shall be opened in the presence of bidder's representatives who choose to attend 2:00 PM on 26 April 2022 at the office of NLBO, Pokhara. Bids must be valid for a period of 45 days counting from the day of bid opening and must be accompanied by bid security as mentioned above which shall be valid for minimum 30 days beyond the bid validity period i.e., total of 75 days from the day of bid opening.
7. If the Bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in Deposit Account No.: 3020100102030000 of Treasury and Account Controller office, Kaski (Ko. Le. Ni. Ka. Kaski) at Rastriya Banijya Bank, Pokharaand submit the receipt of the deposited amount of cash along with the bid.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid security validity shall be recognized with effect from the original bid submission deadline.
9. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063, Public Procurement Regulations-2064 and their amendments.
10. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.